# एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड

## ट्रेडटावर थापाथली, काठमाडौं

## पदपूर्ति सम्बन्धी सूचना

**पुनः प्रकाशित मितिः २०७५/०७/०९**

यस कम्पनीमा रिक्त रहेका देहाय बमोजिमका पदहरुमा खुला प्रतियोगिताद्धारा करार सेवामा नियुक्ति गर्नको लागि मिति २०७५।०५।२४ गते सार्वजनिक सूचना प्रकाशित भएकोमा पर्याप्त मात्रामा आवेदन प्राप्त नभएकोले निर्धारित समयभित्र रीतपूर्वक प्राप्त भएका निवेदनहरुलाई यथावत् कायम राखी देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कम्पनीको कार्यालयमा आइपुग्ने गरी पुनः दरखास्त आह्वान गरिएको छ । दरखास्त इमेलबाट वा कम्पनीको कार्यालयमा दर्ता गरी पेश गर्न सकिनेछ । रीत नपुगी, म्याद नाघी वा दरखास्तसाथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजात संलग्न नभई पेश हुन आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

| सि.नं. | पद | तह | माग पद संख्या | आवश्यक न्यूनतम योग्यता | विशेष ग्राह्यता |
|---|---|---|---|---|---|
| 1 | Hydropower Engineer | ८ | २ | जलस्रोत/हाइड्रोलिक इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह उत्तीर्ण वा सिभिल विषयमा स्नातक तह उत्तीर्ण गरी ४ वर्षको कार्यानुभव | -अन्तर्राष्ट्रिय परामर्शदातासँग संलग्न भई जलविद्युत आयोजनामा २ वर्षभन्दा बढी कार्य गरेकोलाई अनुभव बमोजिम विशेष ग्राहयता<br>-स्नातक वा स्नातकोत्तर तहमा विशिष्ट श्रेणीमा उत्तीर्ण गरेकालाई विशेष ग्राहयता |
| 2 | Powerhouse Engineer | ८ | १ | जलस्रोत/स्ट्रक्चर इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह उत्तीर्ण वा सिभिल विषयमा स्नातक तह उत्तीर्ण गरी ४ वर्षको कार्यानुभव | -जलविद्युत गृहको स्ट्रक्चर डिजाइनमा २ वर्षभन्दा बढी कार्य गरेकोलाई अनुभव बमोजिम विशेष ग्राहयता<br>- स्नातक वा स्नातकोत्तर तहमा विशिष्ट श्रेणीमा उत्तीर्ण गरेकालाई विशेष ग्राहयता |
| 3 | Geo-Physicist/Seismologist | ८ | १ | भौतिक शास्त्र/भूगर्भ शास्त्रमा स्नातक तह उत्तीर्ण गरी जियोफिजिक्स विषयमा स्नातकोत्तर तह उत्तीर्ण, ४ वर्षको कार्यानुभव | जलविद्युत आयोजना/टनेलको ERT/SRT को कम्तीमा २ वर्षको कार्यानुभव भएकालाई अनुभव बमोजिम विशेष ग्राहयता |
| 4 | Mechanical Engineer | ८ | १ | मेकानिकल इन्जिनियरिङ्गमा स्नातकोत्तर तह उत्तीर्ण वा स्नातक तह उत्तीर्ण गरी ४ वर्षको अनुभव | -जलविद्युत आयोजनाहरुमा कम्तीमा २ वर्ष संलग्न भई कार्य गरेकालाई अनुभव बमोजिम विशेष ग्राह्यता<br>-Numerical Modeling सफ्टवेयरको तालीम प्राप्त भएका/स्नातक वा स्नातकोत्तर तहमा विशिष्ट श्रेणीमा उत्तीर्ण गरेकालाई विशेष ग्राहयता |

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः** हालसालै खिचिएको पासपोर्ट साइजको फोटो (१ प्रति), व्यक्तिगत विवरण (Resume), शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपी, कार्यानुभव प्रमाणपत्रको प्रतिलिपी, सम्बन्धित विषयको तालीमका प्रमाणपत्रको प्रतिलिपी र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, इन्जिनियरिङ्ग पदहरुको हकमा नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी, विदेशी संस्थामा अध्ययन गरेका उम्मेद्वारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको प्रमाणपत्र ।

**दरखास्त दिने स्थान तथा ठेगानाः**

एनइए इन्जिनियरिङ्ग कम्पनीको कार्यालय, ट्रेड टावर थापाथली, काठमाडौ वा इमेलः hrneaec@gmail.com वा hr@neaec.com.np

**परीक्षाको किसिमः** सामूहिक छलफल (योग्यता/दक्षता परीक्षण) तथा अन्तर्वार्ता ।

**परीक्षाको मिति तथा केन्द्रः** कम्पनीको वेवसाइट www.neaec.com.np मा पछि प्रकाशित गरिनेछ ।

**करार अवधिः** एक वर्ष ।

**नोटः** संक्षिप्त सूची (Short List) मा परेका उम्मेद्वारहरुको सामूहिक छलफल कार्यक्रमको सूचना कम्पनीको वेवसाइट www.neaec.com.np मा पछि प्रकाशन गरिनेछ ।

**छनौट उपसमिति**
**एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड**